# बझाङ्गी राजा कल्याण सिंहको शाके १६५६ को ताम्रपत्र

राजाराम सुवेदी

बाइसी राज्यहरूमा गणना हुने बझाङ्ग राज्यमा पुराना कागतपत्रहरू तथा ताम्रपत्राभिलेखहरू यत्रतत्र छरिएका रूपमा पाइन्छन्। तिनीहरू एकै ठाउँमा संग्रहित नभई विभिन्न ठाउँका विभिन्न मानिसहरूका घरमा सञ्चित भएका छन्। म त्यस राज्यमा २०३४ भाद्रदेखि २०३५ ज्येष्ठसम्म रा. वि. से. विद्यार्थीको रूपमा बस्ने अवसर पाएको थिएँ। मैले त्यस समयमा केही पुराना अभिलेखहरू पनि उतार्ने मौका पाएँ। त्यसै प्रसंगमा यो ताम्रपत्र पनि संकलन गरिएको छ। बझाङ्गका अन्य ताम्रपत्रहरू त प्रकाशित पनि भइसकेका छन्। जसमध्ये मुख्यतः शाके १२९४ को हरब्रह्म कुँवरको ताम्रपत्र[1], शाके १२९९ को राजा अभय मल्लको ताम्रपत्र[2], शाके १२९९ को राजा अभयमल्ले गरेको ताम्रपत्रलाई शाके १३१३ मा जसब्रह्मले उधार गरेको ताम्रपत्र[3], शाके १३१२ को राजा उदयसिंहको ताम्रपत्र[4], शाके १२३६ को डोटेली राजा रीपु मल्लको ताम्रपत्र[5], शाके १३६८ को डोटेली राजा कल्याण मल्लको ताम्रपत्र[6], शाके १३४० को शिरब्रह्म राउलोको ताम्रपत्र[7], शाके १४२० को भावसिंहको ताम्रपत्र[8], शाके १४८४ को सुमेरू खड्काको ताम्रपत्र[9], शाके १६२३ को भूपतिसिंह, मधुसिंहको ताम्रपत्र[10], शाके १६९१ को समुद्रसिंहको ताम्रपत्र[11] र चक्रसुदर्शन शाहको पत्र[12] आदि प्रकाशित भइसकेका छन्।

यो ताम्रपत्र शाके १६५६ अर्थात् वि. सं. १७९१ मा बझाङ्गी राजा कल्याण सिंहले गरिदिएको हो। उपर्युक्त बाह्रवटा बझाङ्ग राज्यका अभिलेखहरू प्रकाशनको क्रममा यो ताम्रपत्र स्थानान्तरणको कारणबाट छुट्न गएको थियो। तसर्थ यो ताम्रपत्र एक्लै पऱ्यो तापनि यससँग सम्बन्धित ताम्रपत्रहरू भने प्रकाशित हुने अवसर पाइसकेका छन्। प्रकाशित भइसकेका ताम्रपत्रहरूमा बझाङ्गी राजा कल्याण सिंहको उल्लेख पाइँदैन। त्यसकारण यस पत्रले बझाङ्गी राजा कल्याण सिंहको अस्तित्वलाई स्वीकार गर्नुपर्ने तथा उनको गतिविधिलाई प्रकाश पार्न सकिने स्थिति भएकोले यस ताम्रपत्रलाई पनि पाठकवृन्द समक्ष प्रस्तुत गर्नु उचित कुरा ठानेर प्रकाशनार्थ प्रदान गरेको छु। येनकेन यो सानो ताम्रपत्रले पनि बझाङ्ग राज्यको इतिहास निर्माणमा महत्त्वपूर्ण भूमिका निभाउन सक्ने नै छ।

बझाङ्गी लोक इतिहास तथा बझाङ्गी राजवंशावलीमा राजा कल्याण सिंहको नाउँ निकै प्रचलित छ। हालसम्म कुनै पनि ऐतिहासिक पुष्टिको अभावमा केवल जनजिब्रोलाई मात्र आधार मानेर इतिहास लेखन कार्य अप्रामाणिक प्रायः मानिने हुँदा एउटा अनभिज्ञता प्रकट गर्नु एक बाध्यता थियो। तर प्रस्तुत ताम्रपत्रको आधारबाट अवश्य पनि बझाङ्गी राजा कल्याण सिंहको स्थान इतिहासमा उल्लेखनीय भएको तथ्य सकार्न बल मिलेको छ। बझाङ्गी राजवंशावली र पाण्डुलिपि इतिहास बझाङ्का विभिन्न गाउँका निवासीहरूबाट प्राप्त हुन आएका छन्। त्यस्ता वंशावली र प्रशंसाको टिपोटहरूमा केवल कल्पना र सुनेकै आधारमा मात्र मनगढन्ते कुराहरूको संगालो हुनाले पत्यार गर्न लायक ठहरिंदैनन्। यद्यपि त्यहाँकै निवासी बझाङ्गी राजगुरु भवकेशर जोशीसँग प्राप्त पाण्डुलिपि भने पक्कै पनि कुनै न कुनै सन्दर्भमा युक्तियुक्त पनि पाइएको छ।[13] त्यो पाण्डुलिपि सत्यसँग केही निकट भएको पाइएको छ। त्यसमा बझाङ्गी राजा कल्याण सिंहको विषयमा यसरी लेखिएको छ : "कल्याण सिह - राजा रतनी सिंहलाई डोटीका राजा रैंका मान्धाता साहीले मारेतापनि बझाङ्गी र डोटचाली बीच झगडाहुंदा बझाङ्गीले जिते। तेसपछि कल्याण सिह बझाङ्गका राजा भए। उनका कान्छाभांइ लछुंसिह एघार वर्षका नाबालिक कालमा राजगुरु गजु जोशी र धाईले डोटेलीको डरले पल्लेकमा लुकाई राखेका थिए। पछि लर्धुसिंहको सर्वस्व गरी मान्धाता शाहीले लर्धुसिहलाइ लगेको हो। राजा कल्याण सिंहका छोरा अम्वरसिंह हुन। अम्वरसिहका सात भाइ भएका हुन्।"

प्रस्तुत बझाङ्गी लोक इतिहासबाट बझाङ्गी राजा कल्याण सिंह रतनी सिंहका छोरा र अमरसिंहका पिता रहेछन् भन्ने कुरा बुझिन्छ। राज रतनी सिंहलाई डोटचाली राजा मान्धाता शाहीले काटेर बझाङ्ग राज्य हडपेको कुरा पनि बुझिन्छ। योगी नरहरिनाथले पनि बझाङ्गी राजा कल्याण सिंहको विषयमा उल्लेख गरेका छन्। उनले प्रकाशित गरेको वंशावलीमा[14] बझाङ्गका ४६ सौं राजा पृथ्वी सिंहको समयमा डोटीले बझाङ्गमाथि हमला गऱ्यो। वंशावली अनुसार वि.सं. १७३८ मा डोटीका राजा मान्धाता शाहीले पनि बझाङ्गमाथि हमला गरी नराम्रोसँग हराइदिए। त्यतिमात्र होइन कि मान्धाता शाहीले आफ्ना ससुरा रतनी सिंहलाई मारी बझाङ्गका सम्पूर्ण सामग्रीहरू डोटी पुऱ्याए। डोटीमा प्राप्त ताम्रपत्र अनुसार पनि वि. सं. १७५४ मा डोटीमा मान्धाता शाही राजा थिए[15]। तसर्थ मान्धाता शाहीले बझाङ्गमा हमला गरेको कुरा यथार्थसँग केही नजीक छ।

बझाङ्गी राजा रतनी सिंहको मृत्युपछि कल्याणसिंह वि.सं. १७४४ मा राजा भए। यी राजा बडा प्रतापी र विद्धान् पनि थिए। यिनकै समयदेखि बझाङ्ग एक शक्तिशाली राज्यको रूपमा परिवर्तन भएको थियो।[16] यस प्रकार डोटेली राजाले वि.सं. १८४४ भन्दा पूर्व नै अर्थात् कल्याण सिंहको उदयपूर्व वि. सं. १७३८ मा नै बझाङ्गमाथि हमला गरेको हुनुपर्छ। राजा कल्याण सिंह पछि बझाङ्गी राजसिंहासनमा अमरसिंह बसेको कुरा पनि वंशावलीबाट थाहा हुन्छ।[17] बझाङ्ग राज्य र डोटी राज्यको बीचमा पहिलेदेखि नै नराम्रो हुँदै आएको कुरा देवकान्त पन्तले पनि स्वीकार गरेका छन्।[18] उनकै शब्दमा भन्ने हो भने यस प्रकार : "... मान्धाता शाहीको पालादेखि नै डोटीको बझाङ्ग, बाजुरा, र आछामसंग कट्टर शत्रुता रहेको बुझिन्छ। तर यी राज्यहरूको बेग्लाबेग्लै वा संगठित शक्तिले पनि डोटीसँग लड्न सक्ने स्थिति थिएन ...।" इत्यादि। त्यस्तै डोटीको लोक साहित्यलाई आधार मान्दै मान्धाता शाहीको ढुस्कोमा यसरी उनले लेखेका छन् : "विक्रमशाहीका राजा वडेराजा मंधाता शाहीकी पाठी बजड्या गण मारी बखेत्रको जीतवार वाजुराकोट मारी वृखेत्रको जीतवार वडेराजा मंधाता शहीको खाँणो प्रकाशियो।[19]

माथि उल्लेखित उक्तिहरूबाट डोटेली राज् मान्धाता शाहीले बझाङ्गी राजा रतनी सिंहलाई मारी बझाङ्ग डोटीमै मिलाएको कुरा स्पष्ट बुझिन्छ। तत्पश्चात् रतनी सिंहका छोरा कल्याण सिंह बझाङ्गी राजा कल्याण सिंह भएको कुरा त यसै ताम्रपत्रबाट स्वत: सिद्ध हुन गएको छ। राजा कल्याण सिंहको यस ताम्रपत्रले तत्कालीन बाइसी राज्य बझाङ्ग यथार्थ स्थिति व्यक्त गर्न पनि सफल भएको छ। मध्यकालीन जुम्ला भेकका मल्ल खसीया राजाहरू र तत्पश्चात् उनीहरूको शक्ति पतन भएपछि आफ्ना आफ्ना सामन्त क्षेत्रहरूबाट स्वतन्त्रताको सास फेर्न पाएका बाइसी राज्यहरूले पनि ताम्रपत्र प्रदान गर्ने जुम्ली मल्ल राजाहरूको परंपरालाई जीवितै राखेको कुरा सिद्ध हुन्छ। त्यसै प्रचलन अनुसार बझाङ्गी राजाहरूले पनि ताम्रपत्रहरू लेखी दिएका पाउँछौं। ताम्रपत्र प्राय: जमीन दान गरेका पाइएका छन्; जसबाट तत्कालीन सामन्तवादी समाजको स्पष्ट चित्र उतार्न सकिन्छ तापनि राजनैतिक दृष्टिकोणबाट अलि टाढै रहनुपर्ने स्थिति अझै छ। तर त्यस समयका कुनै पनि प्रमाणहरू उपलब्ध नभएको समयसम्म यस्ता ताम्रपत्रहरूको अभिलेखबाट मात्रै भए पनि तत्कालीन समय निर्धारण गर्नुको साथै राज्यमा प्रचलित सामाजिक, धार्मिक, आर्थिक एवं सूक्ष्मत: राजनैतिक क्षेत्रको पनि अध्ययनको निर्वाह गर्न भने सकिन्छ। खासगरी मध्यकालीन नेपालका बाइसी राज्यहरूको समयलाई एउटा "अन्धकारको युग" को जुन संज्ञा दिइएको थियो त्यसलाई यस्ता अभिलेखहरू पाइएकोबाट आलोक अवश्य प्रदान गरेको छ। हुन पनि त्यस समयमा भएका विभिन्न राज्यहरू बीचका झगडाहरू बाहेकका घटना थाहा पाउन ज्यादै गाह्रो पर्थ्यो। त्यस कालमा कुनै पनि क्षेत्रमा सुधार भएको पनि पाएको छैन। यो हुनाको मुख्य कारण त्यस समयको इतिहास नै अस्पष्ट र शंकास्पद छ। इतिहास लेखन प्रक्रिया केवल तथ्यहरूकै आडमा हुनसक्ने हुँदा मध्यकालीन सामन्ती राजाहरूले तत्कालीन रीति अनुसार ब्राह्मणहरूलाई जमीन दान गरेका प्रमाणहरू मात्रै भएपनि त्यस समयको विभिन्न पक्षको अध्ययन गर्न सहयोग अवश्य पुऱ्याएको छ।

प्रस्तुत ताम्रपत्र शाके १६५६ को हो र यो दिने राजा कल्याण सिंह हुन्। उनले बाजागाईं ब्रह्मण शंकर जोशीलाई गोलाईको निमतोला भन्ने जमीन दिएको कुरा ताम्रपत्रमा उल्लेख गरिएको छ। यसमा उल्लेखित जमीन नाउँ हालसम्म पनि उही नै छ। यसबाट उक्त ताम्रपत्रमा उल्लेखित जमीन स्पष्टी सीमाना सहित छुट्याउन सजिलो पारेको छ।हालसम्म पनि बझाङ्ग गोलाईको निमतोला भन्ने जमीन निज शंकर जोशीका सन्तानहरूले उपभोग गर्दैआएका छन्।

बझाङ्ग राज्य बाइसी राज्यहरूमा पर्दछ भन्ने कुरा प्रमाणित भए पनि त्यस राज्यको विषयमा विस्तृत ऐतिहासिक खोजीबाट विवरण थाहा पाउन सकिएको छैन। हुन त ह्यामिल्टन र कर्कप्याट्रिक जस्ता महोदयहरूले नेपालका बाइसी र चौबीसी राज्यहरूको विषयमा सानो चर्चा उठान गरेका छन्। यसले गर्दा तत्कालीन बाइसी राज्यको विषयमा पक्का स्थितिको परिचय प्राप्त गर्न स्वत: कठीन पर्न गएको छ। त्यस भेकको अप्रकाशित तथा तथ्य कुराहरूलाई प्रकाशमा ल्याउन सके नेपालको इतिहास पुष्ट बन्न सक्थ्यो। त्यस्ता तथ्य कुराहरूमध्ये ताम्रपत्र जस्ता सामग्रीहरूको मुख्य स्थान छ। प्रस्तुत ताम्रपत्र धार्मिक अभिप्रायले प्रेरित भई बझाङ्गी राजा कल्याण सिंहले ब्राह्मणलाई जमीन दान गरेको प्रमाणस्वरूप प्रदान गरेका हुन्। यस ताम्रपत्रमा कल्याण सिंहको नामको अगाडिपट्टि "श्रीराजाधिराज" उल्लेख गरिएकोबाट उनी बझाङ्गकै राजा भएको कुरामा कुनै शंका उत्पन्न हुँदैन। त्यसबाहेक उनको नाम लगत्तै पछि पनि "अमरसिंह गोसाईंज्यू" भनिएकोबाट अमरसिंहलाई के कारणबाट गोसाईं शब्दले संबोधन गरिएको भन्ने

तात्पर्य बुझ्नुपर्ने हुन्छ। सुदूर पश्चिम नेपालको मध्यकालीन इतिहासमा जुम्ली राजाहरूले आफ्ना छोरालाई युवराज शब्दको तात्पर्य बुझाउन गोसाईं शब्दको प्रयोग गर्दथे। त्यस्तै डोटेली राजाहरूले पनि युवराजको पदलाई गोश्वामि भन्ने चलन छँदै थियो। [20]गोसाईंको खास अर्थ त संस्कृति शब्दको "गोश्वामि" बाट तद्भव भई आएको कुरा स्पष्ट छ। गोश्वामिको अर्थ मध्यकालमा जात वा थर विशेषलाई नबुझाई पद वा दर्जा विशेष भएको कुरा अवगत हुन्छ। शायद मध्यकालीन बझाङ्गी क्षेत्रका उच्च ओहदाका व्यक्तिहरूलाई, विशेष गरी राजकुमारहरूलाई गोसाईं भनिएको हो भन्ने अड्कल गर्ने ठाउँ छ। किनभने डोटीका मल्ल राजाहरूले ताम्रपत्रमा गोसाईं शब्द आफ्ना राजकुमारहरूलाई मात्र प्रयोग गरेको पाइएको छ। त्यसबाहेक बझाङ्गी राजा कल्याण सिंहका समकालीन डोटेली राजा रघुनाथ शाही पनि मान्धाता शाहीको राज्यकालमा गोसाईं शब्दले संबोधन गरिएका थिए। [21]यसबाट प्रस्तुत ताम्रपत्रमा उल्लेखित अमरसिंह गोसाईं राजा कल्याणसिंहका उत्तराधिकारी भन्ने कुराको संकेत मिल्दछ। बझाङ्गी वंशावलीमा पनि राजा कल्याण सिंहको पछाडि नाम आउने राजाको नाम अमरसिंह नै भएको हुँदा पक्का पनि कल्याण सिंहका छोराको नाम अमर सिंह नै हुनुपर्छ भन्ने कुरा यसबाट प्रमाणित हुन्छ। [22]बझाङ्गकै प्रकाशित शाके १२९४ को ताम्रपत्रमा पनि हरिब्रह्म कुवर राजाका तीनवटा राजकुमारहरू साक्षीस्वरूप रहेको कुरा बुझिन्छ। उनीहरूको नाम छ राजवम्म गोसाईं, सुमेरू गोसाईं र कालु गोसाईं इत्यादि। [23]यहाँ उनीहरूको विस्तृत चर्चा गरिदैन।

मध्यकालीन सामन्ती राजाहरूले ब्राह्मणहरूलाई जमीन दान गरेको प्रमाणस्वरूप वितरण गरेका ताम्रपत्रहरूबाट राजा र उनका राजकुमारहरूको नाम मात्र थाहा नभएर त्यस समयमा राजाका मुख्य मुख्य कारिन्दा, भाइ भारदार, तथा काजीहरूको नाम समेत थाहा हुन्छ। प्रस्तुत ताम्रपत्रमा साक्षीस्वरूप रहेका राजा कल्याण सिंहका छोराहरूको पनि नाम छ। यस विषयमा शंका उठ्ने ठाउँ पनि छ, त्यो हो के ती सबै राजा कल्याण सिंहका छोराहरू नै हुन्? यस विषयमा अन्य स्रोतहरूको अभाव हुँदा उनीहरू महत्त्वपूर्ण दर्जाका भारदार हुन् वा राजकुमारहरू हुन् छुट्याउन कठीन पर्दछ तापनि अमरसिंह राजा कल्याण सिंहकै उत्तराधिकारी भएको प्रमाणबाट अरू गोसाईंको पद प्राप्त गर्ने या त कल्याण सिंहकै छोरा हुनुपर्छ या त उनको राज्यमा कुनै प्रतिष्ठित ओहदा आशिन व्यक्ति हुनुपर्छ भनी ठोकुवा गर्ने ठाउँ छ। यसरी शंका गर्नुपर्ने व्यक्तिहरू यस ताम्रपत्रमा उल्लेखित रतु गोसाईं र मनु गोसाईं हुन्। तिनीहरू साक्षी बसेका छन्। ती बाहेक गजे खड्का, महेन्द्र खड्का, अर्जुन खड्काहरूको नाम पनि उल्लेख गरिएको छ। उनीहरू पनि बझाङ्गी राजाका महत्त्वपूर्ण सल्लाहकार भएको कुरामा शंका छैन। यसरी साक्षीहरू राखी ब्राह्मणलाई जमीन दान गरेको पाइन्छ भने धार्मिक विधि अनुसार राजाले वाचा, कबोल र शपथ लिई राजाले पुनः हरण नगर्ने कुरा पनि उल्लेख गरिएको पाइन्छ। मध्यकालीन बाइसी राज्यमा संस्कृत भाषाको प्रचलन भएर पनि यसमा प्रशस्त अपभ्रंशहरू आएका थिए। यस ताम्रपत्रमा उल्लेखित संस्कृत पूरा र शुद्ध नलेखी बीचैमा गड्बड् पारी निर्वाह गरिएको छ जस्तै : 'साठी वर्ष सहस्रानि विटायां जेति कृमि"[24] यी शब्दहरू राजाले विर्ता हरण गर्न नसकुन् भनी राखेको हुनुपर्छ। त्यतिमात्र होइन ब्राह्मणहरूले धर्मशास्त्र र स्मृतिहरूको आधारमा राजालाई अरू शब्दको प्रयोग गरेर पनि पक्को बनाउन चाहन्थे। त्यसको उदाहरण यहाँ दिइन्छ त्यो हो यस ताम्रपत्रको संस्कृत श्लोकको अगाडि अर्थात् पंक्ति ९ र १० मा "जो दत्त हर द्यौ तौ नव कुंभिपाक नर्ग" भन्ने शब्द राखिएको पनि छ। यसबाट यही निष्कर्ष निस्कन्छ कि राजाले प्रदानगरेको जमीन किमार्थ हरण हुँदैन भन्ने आशय प्रकट गर्न खोजिएको हो। कुम्भिपाक नरक हिन्दूहरूको गरूड पुराणमा उल्लेख गरिएको छ। भूमिहरण गर्नेलाई साठीहजार वर्षसम्म वीष्टाको कीरा भई कुम्भिपाक नरकमा बस्नुपर्ने कुराको सूचना यस श्लोकको तात्पर्य हो। बाइसी राज्यका राजाहरू धर्ममा गहिरो श्रद्धा राख्तथे। पुराणहरूको प्रभाव जनमानसमा गहिरोसँग परेको कुरा यस्ता उक्तिहरूबाट सरलतापूर्वक जान्न सकिन्छ।

ताम्रपत्र दान दिएको ठोस प्रमाण हो भन्ने कुरा त माथि पनि उल्लेख भयो। यो प्रचलन मध्यकालदेखि नै भएको पाइएको छ। त्यमै परंपरा अनरूप बझाङ्गी बाइसी राजाहरूले पनि जमीन दान गरी निर्वाह गर्दै आएका थिए। त्यस्तो प्रचलन केवल राजाले मात्रै होइन कि धनी तथा ठूला ठालुहरूले पनि व्यवहार गरेका प्रशस्त प्रमाणहरू प्राप्त भएका छन्। यसको एउटा उदाहरण बझाङगमा प्राप्त शाके १४८४ को सिमेरू खड्काको ताम्रपत्रलाई लिन सकिन्छ। [25]यसको एउटा नौलो पक्ष छ। त्यो हो ताम्रपत्र दान दिने राजा रजौटा वा रजवारको कुनै नाम उल्लेख छैन। [26]जे होस्, त्यस समयको धार्मिक परंपरा आचार्य मनुद्वारा संकलित कानून "मनुस्मृति" बाट निर्देशित भएको थियो। मानिसहरू धर्मलाई सर्वोपरि ठान्दथे। राजाहरूले निरंकुश अधिकार प्राप्त गरेका भए पनि उनीहरूले धार्मिक राज्य सञ्चालन गर्दथे। राजा वा रैतीले पनि भूमि दान गरे भने पुण्य हुन्छ भन्ने धारणा थियो। भूमि दान गर्दा भूमि प्राप्त हुन्छ, धातु सवर्णादि दान गर्नाले दीर्घायु हुन्छ, घर आवास दान गर्नाले सुख सुविधा प्राप्त गर्दछ, चाँदीका रुपियाँ दान गर्नेको धन बढ्दछ भन्ने कुरा स्पष्टसँग मनुस्मृति उल्लेख गरिएको छ। राजालाई "भर्पति" भनिन्थ्यो। अर्को योनिमा पनि भूपति बन्ने लालसा राजाहरूले राख्तथे। तसर्थ मध्यकालीन राजाहरूले प्रशस्त विर्ता दिने गरेका हुन्।

यस ताम्रपत्रबाट अर्को कुरा पनि थाहा हुन्छ। त्यो हो यसको नवौं पंक्तिमा उल्लेखित "रतनीसिहकी मैले नषानु" भन्ने वाक्यांश। यस वाक्यांशको भावार्थ हुन्छ राजा कल्याण सिंह रतनी सिंहका छोरा हुँदा उनले आफ्ना बाबु बाजेले थामी आएको पौरूष राख्ने प्रण गरेको एकातिर झल्किन्छ भने अर्कोतिर उनका बाबु पनि धार्मिक विचारका भएर दान दिने गरेका भन्ने बुझिन्छ। यो ताम्रपत्रले रतनी सिंहको अस्तित्वलाई पनि स्वीकार गर्न बाध्य तुल्याएको छ। यस ताम्रपत्रमा उल्लेखित जमीन "शंकर जइसीका चेला नातीले षानु" भन्ने छ। बझाङ्गी राजा रतनी सिंहको समयको कुनै पनि प्रमाण स्वतन्त्ररूपमा प्राप्त भएको छैन तापनि यस ताम्रपत्रमा उल्लेखित नामका रतनी सिंह कल्याण सिंहकै बाबु हुनुपर्छ। राजा रतनी सिहलाई डोटेली राजा मान्धाता शाहीले मारेको कुरा पहिले नै वर्णन गरियो।

यस ताम्रपत्र अनुसार बझाङ्गी राजा कल्याण सिंहले बझाङ्ग गोलाईको निमातोला निली चौवारी नाली २ जमीन बाजगाई शंकर जोशीलाई दान दिएको कुरा उल्लेख छ तर यसमा चार किल्लाको वर्णन अन्य ताम्रपत्रहरूमा झैं दिएको पाइँदैन। त्यो जमीन दान गर्नुपर्ने कारण राजा कल्याण सिंहले वि.सं. १७९१ फाल्गुण महीनाको शुक्लपक्ष, पञ्चमी तिथी, आइतवारमा शुद्ध शान्ति गरिएकोले ताम्रपत्र दिइएको कुरा थाहा पाइन्छ। शुद्ध शान्तिमा दान प्राप्त गर्ने व्यक्ति राजाकै गुरु पुरोहितहरू नै पर्दथे। यसर्थ निज शंकर जोशी कल्याण सिंहकै पूज्य व्यक्ति हुनुपर्छ। निज शंकर जोशीका सन्तान हाल राजज्योतिषीको नामले प्रचलित छन्, जसबाट यो ताम्रपत्रको उतार मैले प्राप्त गरेको हुँ। उनको नाम हो विष्णुभक्त जोशीकै नाउँमा हालसमम यही ताम्रपत्रलाई थमौती गरिएका बझाङ्गी राजाका रूक्का मोहरहरू पनि प्राप्त भएका छन्।[28]

जुम्ली मल्ल राजाहरूले प्रदान गरेका ताम्रपत्रहरू र बाइसी राजाहरूले दिएका ताम्रपत्रका ढाँचामा केही पृथकपना प्राप्त भएको छ। त्यो हो जुम्ली राजाहरूले आफ्ना ताम्रपत्रमा "रत्नत्रयायाम्" लाई साक्षीस्वरूप उपस्थित गराएका छन् भने बझाङ्गी राजाहरूले क्रमशः यो परंपरालाई त्याग्दै आएको आभास हुन्छ। रत्नत्रयायाम्को अर्थ हुन्छ बुद्धम शरणम्, संघम् शरणम्, धर्मम् शरणम्।[29]जुम्ली मल्ल राजाहरूले भूमण्डलका साक्षी राख्नुभन्दा पहिले बुद्ध बौद्ध रत्नत्रयायाम्, चन्द्र, सूर्य पछि मात्र राख्ने प्रचलन कायम थियो। तर त्यो परंपरा बाइसी राजाहरूले नपछचाई चन्द्र सूर्य मात्र साक्षी राखेका छन्। यो हुनुको मुख्य कारण थियो विशाल जुम्ला राज्यको संपर्क केवल भारतसँग मात्र नभएर तिब्बतसँग पनि घनिष्ठता थियो। तिब्बतमा बुद्ध धर्मको बाहुल्यता थियो जसको प्रभाव उनीहरूमा नपरी रहन सकेन। तर

जुम्ला राज्यको शक्ति पतन भएपछि उसका अधीनस्थ प्रदेशहरू क्रमशः स्वतन्त्र हुँदै गए। स्वभावतः उनीहरूको सम्पर्क तिब्बतसँग टाढा हुँदै गयो। परिणामस्वरूप उनीहरूको व्यवहारमा समेत त्यसको असर पर्‍यो। धार्मिक सकुचितता, उदारताको अभाव तथा रूढीवाढीको झन प्रभाव बढ्न थाल्यो। त्यसैले यस काललाई अन्धकारको युगसम्म भन्नुपर्ने स्थिति आइपरेको। यस ताम्रपत्रमा पनि ती जुम्ली मल्ल राजाहरूको परंपरालाई त्याग गरिएको छ।

यस ताम्रपत्रको पाँचौं पंक्तिमा ''डुँग्राकोटमा बसी'' भन्ने वाक्यांश पनि उल्लेख छ। यसबाट राजा कल्याण सिहको दरबार डुग्राकोटमा भएको अनुमान हुन्छ।[30] उक्त डूम्राकोटलाई उदम्बरीपुरी पनि भनिएको पाइन्छ। तर त्यो डूम्राकोट डोटी जिल्लामा पर्दछ। बझाङ्गी राजा कल्यण सिहको राजधानी डूम्राकोट भएको कुरा प्रमाणित हुन जान्छ। किनभने ताम्रपत्र गरिदिएको स्थलको कीटान समेत गरिएको छ। राजा कल्याण सिह पराक्रमी राजा भन्ने कुरा माथि उल्लेख गरियो तापनि उनले के कस्ता सुधार र पराक्रम गरे भन्ने प्रमाणहरूको अभाव छ।

मध्यकालीन बाइसी राजाहरूले आफ्ना उत्तराधिकारीहरूलाई प्रशिक्षण दिने उद्देश्यबाट हो वा आफ्नो लागि सल्लाहकार आवश्यकता महसूस भएर हो कुनै न कुनैलाई आफ्नो सहयोगी बनाएको पाइन्छ। त्यसै प्रसंगमा राजा कल्याण सिहले पनि आफ्ना छोरा अमरसिहसँग संयुक्त शासन चलाएको कुरा पनि अट्कल गर्न सकने ठाउँ छ। किनभने प्रस्तुत ताम्रपत्र दोस्रो र पंक्तिमा ''श्रीराजाधिराज कल्याणसिह माहाराज अमरसिह गोसाईंज्यू'' भन्ने वाक्यांशबाट राजा कल्याण सिह र अमरसिहको संयुक्त शासन भएको कुरा थाहा हुन्छ। यदि संयुक्त शासन नभएको भए राजा कल्याण सिहको नामोल्लेख गर्नुपर्ने बाध्यता नै के हुन्थ्यो र ? यसर्थ यो एक शंकास्पद कुरा अवश्य हो। डोटी राज्यका राजाहरूले आफ्ना राजकुमारहरूलाई उल्लेख गर्ने परंपरा बझाङ्गी राजाहरूले पनि अवलम्बन गरेको कुरा पनि यसको महत्त्व हुन सक्तछ। राजकुमारको नामको पछाडि गोसाईं लेख्ने चलन भएको कुरा त माथि नै उल्लेख भइसक्यो। तैपनि बझाङ्गी राजा कल्याण सिह पराक्रमीका साथै बुद्धिमान भएको कारणबाट आफ्ना छोरालाई पनि राजकाजको प्रशिक्षण दिनको लागि संयुक्त शासन पद्धति अपनाएका त होइनन्? भन्ने तर्क प्रस्तुत गर्ने ठाउँ छ। जे भए पनि यस ताम्रपत्रले बझाङ्गी इतिहासलाई केही स्पष्ट पार्न एउटा नयाँ अध्याय थप्ने भूमिका अवश्य निभाएको छ। बझाङ्ग राज्य बाइसी राज्यहरूको समूहमा पर्ने भए पनि चौतर्फी दृष्टिबाट मध्यकालमा पछाडि नै थियो। यसो हुनुको मुख्य कारण बझाङ्गको सम्पर्क तिब्बत तथा भारतको टाढा पर्ने तथा एउटा रूखो पहाडी धरातल हुनाले यहाँको आर्थिक तथा सामरिक दृष्टिले ज्यादै निर्धो थियो। त्यस्तै राजनैतिक र सामाजिक स्थिति पनि तत्काली बाइसी राज्यकोभन्दा बझाङ्गको ज्यादै सोचनीय थियो।

जुम्ली मल्ल राजाहरूले ताम्रपत्र दान दिदा दान प्राप्त गर्ने व्यक्तिलाई छत्तीसैकर मुक्त गर्ने परंपरा पहिले पहिलेका बझाङ्गी राजाहरूले पनि अनुकरण गरेका थिए। तर यो ताम्रपत्रमा राजा कल्याण सिहले निज शंकर जोशीलाई छत्तीसकर माफ गरेको उल्लेख भने गरेको पाइँदैन। प्रायःजसो ताम्रपत्रमा छत्तीसकर अकर गरेका पाइएका तर यसमा उल्लेख नभएकाले केही नौलो जस्तो पनि लाग्दछ।[31] यस ताम्रपत्रमा छत्तीसकरको विवरण उल्लेख नगरिएकोले निज व्यक्तिलाई करमुक्त नगरिएको कुरा थाहा हुन्छ।

बझाङ्गी राजा कल्याण सिंहको राज्यकालमा नेपालको एकीकरण गर्ने कुनै पनि सूत्राधार तयार भइसकेको थिएन। त्यस बेलालाई बाइसी तथा चौबिसी राज्यहरूको स्वतन्त्रताको पराकाष्ठा अर्थात् चरमविन्दु मान्न सकिन्छ। तत्पश्चात् गोरखाधिपति पृथ्वीनारायण शाहको शक्तिले एकीकरण अभियान शुरू गरिसकेका थिए। बझाङ्गी राजाका समकालीन गोरखाली राजा नरभूपाल शाह नुवाकोट विजय गर्ने चेष्टामा संलग्न थिए। तदनुसार वि. सं. १७९४ (ई. १७३४) सम्ममा गोरखाली राजा नरभूपाल शाहले काजी जयन्त राना, महेश्वर पन्तको नेतृत्वमा नुवाकोट उपर हमला गर्न पठाए। तर त्यस युद्धमा गोरखालीहरू पराजीत भई फर्के। यस समयमा पृथ्वीनारायण शाहको किशोरकाल व्यतीत भइरहेको थियो। राजा नरभूपाल शाहको नुवाकोट विजय गर्ने अभिलाषा पूरा नहुँदै उनको देहान्त भएकोले वि. सं. १७९९ (ई. १७४५) मा गोरखाको राजसिंहाशनमा पृथ्वीनारायण शाह विराजमान भए।[32]

बझाङ्गी राजा कल्याण सिंहका समकालीन जुम्ली कल्याली राजा सुदर्शन शाह थिए भन्ने कुरा शाके १६४१ (वि.सं. १७७६) को ताम्रपत्रबाट थाहा हुन्छ।[33] त्यस समयमा जुम्ली राजा र बझाङ्गी राजाको बीचमा कस्तो सम्बन्ध थियो भन्ने कुरा थाहा भएकै छैन। त्यस समयसम्म जुम्ला राज्य ज्यादै निर्बल अवस्थामा पुगेको थियो। जुम्ला राज्यको पतन शाके १३१३ मा अभयमल्लकै समयदेखि हुन थालेको कुरा व्यापक भइसकेको छ। त्यस समयपूर्व शाके १२९४ मा बझाङ्ग राज्यले स्वतन्त्र सास फेर्न खोजेको कुरा त्यसै समयको बझाङ्गी राजा हरिब्रह्म कुवरको ताम्रपत्र[34]बाट थाहा हुन्छ। त्यसकारण राजा कल्याण सिंहको समयमा जुम्लाको हैकम बझङ्गमाथि हराइसकेको हुनुपर्छ। तर बेलाबेलामा डोटीले बझाङ्गलाई दुःख दिएका विभिन्न उदाहरणहरू भने प्राप्त भएका छन्। जुम्लाका राजा सुदर्शन शाहले आफ्नो राज्यको विस्तार गर्नुको साटो सिंजामा ठूलो दरबार बनाउन लगाएको कुरा शाके १६६७ (वि. सं. १८०८) (को जुम्लाका कल्याली राजा) को ताम्रपत्रबाट[35] थाहा हुन्छ। यसकारण जुम्लाको शक्तिले बझाङ्मा कुनै असर पारेको थिएन।

प्रस्तुत ताम्रपत्रका लेखक वामदेव जोशीका नाम उल्लेख छ। बझाङ्ग जिल्लाका सबैजसो ब्राह्मणहरूलाई जोशी शब्दले पुकारिन्छन्। यसको तात्पर्य राजज्योतिषी भई कार्य गरे बापत् पाएको पदवी हो। बाइसी राज्यमा जोशी ब्राह्मणहरूको भूमिका महत्त्वपूर्ण रहेको कुरा यस्ता प्रमाणपहरूबाट सिद्ध हुन आउँछन्। बझाङ्गमा विभिन्न गाउँहरू, दरा, थुम, गर्खा तथा इलाका आदि पर्दथे र ती ठाउँका महत्त्वपूर्ण जमीनहरू जोशी ब्राह्मणहरूलाई विर्तास्वरूप दिइन्थ्यो। त्यसबाहेक राजाले ताम्रपत्र दिंदा लेख्ने काम ब्राह्मणहरूको र कुँदने काम चुनारहरूको हुन्थ्यो। चुनारलाई तमौटे वा तामाको कारोवार गर्ने भनी बझाङ्गमा हालसम्म पनि प्रचलित शब्द छ। तमौटाहरू नभएका ठाउँमा सुनारहरूले पनि ताम्रपत्र कुँदने काम गर्दथे। उनीहरू पनि राजाका अगलबगल तथा खानीहरूमा काम गर्ने गर्दथे।

मध्यकालीन युगका बाइसी राजाहरूले हिन्दूधर्म मानेको कुरा माथि पनि उल्लेख गरियो। धर्मको आधारमा जमीनलाई विना मालपोत विर्ता (वृत्ति) स्वरूप दिइँदा अवश्य पनि राज्यको आय न्यूनतम हुन्थ्यो। यसकारण तत्कालीन राजाहरूका ताम्रपत्रहरू सरसरती हेर्दासामान्य जस्तो लागे तापनि यिनीहरूले आर्थिक तथा अन्य क्षेत्रहरूमा महत्त्वपूर्ण भूमिका खेलेका पाउँछौं। प्रस्तुत शाके १६५६ को बझाङ्गी राजा कल्याण सिंहको ताम्रपत्रले पनि एउटा महत्त्वपूर्ण स्थान ओगट्न पुगेको छ। किनभने यसले राजा कल्याण सिंहको मात्र अस्तित्वलाई प्रकाश नगरी उनका बाबु रतनी सिंह तथा उनका छोरा अमर

सिंहको समेत उल्लेख गरेकोले यसको महत्त्व झन् बढ्न गएको छ। यसले गर्दा बझाङ्गको अन्योलपूर्ण ऐतिहासिक वातावरणलाई स्वच्छता प्रदान गरेको छ। यसबाहेक भविष्यमा त्यस क्षेत्रमा उपलब्ध हुने सामग्रीहरूले राजा रतनसिंह कल्याण सिंह र अमर सिंहको विषयमा झन् प्रकाश पार्न मद्दत पुऱ्याउने छन्। हाललाई यही छोटो ताम्रपत्रले मात्रै भए पनि कल्याण सिंहको समयको राज्य अस्तित्व, राज्य व्यवस्था तथा तात्कालिक सामाजिक परिवेशको चरित्रलाई प्रकाश पार्दै त्यस समयको निसंकोच निर्धारण गर्ने सक्षम भएकोले सानै भए पनि यसलाई एउटा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। बझाङ्गी राजा कल्याण सिंहको अनिश्चित इतिहासलाई यसले एउटा निर्णयात्मक टुङ्गोमा पुऱ्याएकोले यसको महत्त्व त्यस सन्दर्भमा सानो मान्न सकिन्न। एउटा मामुली स्वस्ति शान्तिगर्दा लेखिएको अभिलेखको त यत्रो महत्त्व ठानिने घडीमा अन्य सामग्रीहरू उपलब्ध भएमा निश्चय पनि त्यस भेकको इतिहास एक परिपक्व र रहस्यपूर्ण बन्न सक्ने विश्वास छ।

प्रस्तुत ताम्रपत्र बझाङ्ग लुयाटा गा.पं. पडेस निवासी देवान विष्णुभक्त जोशीसँग सम्बन्धित छ। केही वर्ष पूर्व यो ताम्रपत्र निजकै साथमा थियो। वि. सं. २०१४ सालमा बझाङ्गी राजघरानाका चन्द्रजंग बहादुर सिंहले मागेर बझाङ्ग चैनपुर ल्याएका थिए। सो ताम्रपत्र हाल कहाँ छ निज विष्णुभक्त जोशीलाई समेत थाहा छैन। किनभने चन्द्रजंग बहादुर सिंहको वि.सं. २०२५ मा मृत्यु भएकोले उनकी श्रीमतीले योगी नरहरिनाथलाई दिएको कुरा मसँग भनेकी हुन्। तर सकलको स्थान प्राप्त नभए पनि निज विष्णुभक्त जोशीजीसँग रहेको नकलबाट पंक्तिबद्ध रूपमा यो सार्न म सफल भएको हुँ। निज विष्णुभक्त जोशीसँग यसको प्रतिलिपि छ। उनको अन्दाजी भनाइ अनुसार त्यस ताम्रपत्रको लम्बाई १० इन्च र चौडाइ ८ इन्चको थियो भन्ने छ। पुरानो देवनागिरी लिपिमा लेखिएको यो ताम्रपत्रको दाहिने पट्टि प्वाल पारी किलामा झुण्डचाउन सुविधा बनाइएको छ ।

उक्त ताम्रपत्रको मूल पाठ यस प्रकार छ :–

१. राम राम २
२. ॐ स्वस्ति श्री गणेशाये नमः श्री शाके १६५६ श्रीसम्वत्सरे १७९१ फाल्गुन
३. मासे शुक्लपक्षे पंचम्या तिथौ रविवासरे असिनि नक्षेत्रे।। श्रीराज धिराज कल्या
४. नसिंह महाराजा अम्मरसिंह गोसयींज्यू पादा चिरंजयतु।। अंम्रसिं राम सिं हठिसिं
५. वावु तैले बसि गोलाइको निमातोला निली चउवाडी नालि दुवौ बियमया
६. चितयो घालिमोलि डुँग्राकोट वसि वाजगाईलाई मयाचितयो शंकरजोइ
७. सि का चेलाले जै देव सहित सोवर्ण जोइसि वामदेवले पाया सर्वसुध गरि पायो घालि
८. मोली खायो अत्र भुमंडलका साँचि चन्द्रसुर्जे साँचि यिमिका रतनु गोसांयीं साँचि
९. मनु गोसायींसाँचि गजि खड्का साँचि महिन्द्र खड्का साँचि षेतको दो अर्जन खड्का साँचि।।
१०. रतन सिंहकि मैले नखानु संकर जोइसि चेला नातिले खानु।।
जो दत्त हर वौ तौ
११. नव कुंभिपाक नर्ग साठिबर्ष सहस्रानि विटायां जेति कृमि लिखित साँचि वामद
१२. व जोइसि सुभमस्तु।। ।

## पाद टिप्पणी : Foot Notes

१. राजाराम सुवेदी : , **बझाङ्ग जिल्लाका बाह अभिलेखहरू**, "कन्ट्रीव्यूसन्स टु नेप्लीज स्टडीज, सि. एन. ए. एस. टि. यू, (कीर्तिपुर, काठमाडौं २०३६) खण्ड VI, नं. २, पृष्ठ ९०
२. ऐ. पृष्ठ ९१
३. ऐ. पृष्ठ ९२-९३
४. ऐ. पृष्ठ ९३-९४
५. ऐ. पृष्ठ ९४-९५
६. ऐ. पृष्ठ ९६
७. ऐ. पृष्ठ ९७-९८
८. ऐ. पृष्ठ ९७
९. ऐ. पृष्ठ ९९-१००
१०. ऐ. पृष्ठ ९८
११. ऐ. पृष्ठ ९९
१२. ऐ. पृष्ठ १००-१०१
१३. श्री भवकेशर रेग्मी (जोशी) ज्यूसँग भएको पाण्डुलिपिको नकल मैले पनि टिपी ल्याएको छु। निजसँग भएको वंशावली पनि प्रकाशित भइसकेको छ।
ऐ. पृष्ठ ८५-८६
१४. योगी नरहरिनाथ, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, भाग १** (वाराणसी २००४) पृष्ठ ५८५
१५. ऐ. पृष्ठ ६६४
१६. सूचना विभाग, **मेचीदेखि महाकाली, खण्ड ४**, पृष्ठ ७५५
१७. राजाराम सुवेदी, पूर्ववत्, पूर्ववत्, पृष्ठ८५, ८६
१८. देवकान्त, **डोटेली लोक साहित्य एक अध्ययन**, नेपाल र एशियाली अध्ययन संस्थान (कीर्तिपुर २०३२), पृष्ठ १४३
१९. ऐ. पृष्ठ ९४
२०. ऐ. पृष्ठ १४३
२१. ऐ. पृष्ठ ऐ
२२. राजाराम सुवेदी, पूर्ववत्, वंशावली नं. (क), वंशावली नं. (ख), पृष्ठ ८५-८६ ऐ. पृष्ठ ९०
२४. स्वदत्तं परदत्तं वा योहरेच्च वशुंधराम्। षष्टिवर्षसहश्राणि विष्टायाम् जायतेकृमिः।। २६. ऐ. पृष्ठ ८३
२७. पं. वाशुदेव शर्मण संशोधिता **मुंस्मृति तृतीय अध्याय**, (बम्बई १९२० ई)
२८. देवान विष्णुभक्तको नाउँमा ताम्रपत्रको थमौती भएको रूकाको नकल प्रति मेरो संकलनमा पनि रहेको छ।

२९. धनबज्र बज्राचार्य, **कर्नाली प्रदेशको ऐतिहासि रूपरेखा**, "कर्णाली प्रदेश एक विटो एक अध्ययन (काठमाडौं २०२८) पृष्ठ ४४

३०. बझाङ्गमा डुँग्राकोट निकै प्रख्यात स्थल हो। बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुरबाट आग्नेय दिशातिर पर्ने पहाडलाई डुग्राकोट भनिन्छ जहाँ ३ वटा शिलालेखहरू, १ वटा शिलास्तम्भ छन।

३१. बझाङ्ग राज्यमा प्रचलित छत्तीसकर २०१७ सालसम्म लगाउने चलन थियो। यी करहरूको विवरण पनि प्रकाशित भइसकेको छ।

राजाराम सुवेदी, पूर्ववर्णित, पृष्ठ ८७-८८-८९

३२. बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, (वाराणसी २०१५) पृष्ठ २१५

३३. बालकृष्ण पोखेल, **पाँचसय वर्ष**, (विराटनगर २०२७) पृष्ठ १०४

३४. राजाराम सुवेदी, पूर्ववर्णित, पृष्ठ ७५

३५. बालकृष्ण पोखरेल, पूर्ववर्णित, पृष्ठ ३३५-३३७

# सन्दर्भ सामग्री सूचि (BIBLIOGRAPHY)


१. पुस्तकहरू :

(क) खनाल मोहन प्रसाद, **मध्यकालीन अभिलेख**, काठमाडौं, २०३०

(ख) पन्त देवकान्त, **डोटेली लोक साहित्य एक अध्ययन**, कीर्तिपुर, २०३२

(ग) पोखेल, बालकृष्ण, **पाँचसय वर्ष**, विराटनगर, २०२७

(घ) बज्राचार्य, धनबज्र, **कर्णाली प्रदेश एक विटो अध्ययन**, काठमाडौं, २०२८

(ङ) योगी नरहरिनाथ, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, भाग १**, वाराणसी, २०२२

(च) शर्मण बाशुदेब, संशोधिता, **मनुस्मृति**, बंबई, भारत, १९२० ई

(छ) शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसी २०१५

(ज) सूचना विभाग, **मेचीदेखि महाकाली, सुदूर पश्चिमाञ्चल खण्ड ४**, काठमाडौं, २०२८

२. प्रकाशित पत्रपत्रिका तथा संकलनहरू :

(क) पाण्डे रामनिवास, **पश्चिमी नेपालको ऐतिहासिक र सांस्कृतिक विकासमा शाहवंशको योगदान**, भ्वाईस अफ हिष्ट्री, खण्ड III, कीर्तिपुर, २०३४

(ख) वैद्य तुलसीराम, **जाजरकोटको राजा हरिशाह**, "भ्वाइस अफ हिष्ट्री, खण्ड III", कीर्तिपुर, २०३४

(ग) सुवेदी राजाराम, **बझाङ्ग जिल्लाका बाह्र अभिलेखहरू**, "कन्ट्रीव्यूसन्स टू नेप्लीज स्टडीज, खण्ड VI, नं. २, नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौं, २०३६ वि.